Source: The Himalayan Times; 31 October, 2014

# Ngadi hydro project ready for PPA

Nepal Electricity Authority has initiated preparations to sign power purchase agreement (PPA) with the under construction 30MW Ngadi Hydro Power Project located at Bahundanda, Lamjung.

The project was left in a limbo since the authority did not take any initiative to ink the agreement though it claimed that it would supply electricity through the national transmission line from 2017, said Butwal Power Company, the constructing company of the project.

The promotion company has estimated four years time duration to complete the project.

Lamjung Electricity Development Company has 3 per cent share whereas BPC owns the remaining.

However, the project promotion company regretted the government’s procrastination. BPC has spent Rs 250 million in constructing a bailey bridge over the Marsyangdi River and building an 8 km long road as part of infrastructure development. “It has also constructed a motorable bridge, roadway and purchased land among others. But, the construction was not going ahead smoothly due to lack of PPA,” said Ram Bahadur Gurung, adviser of Lamjung Electricity Development Committee.

Dam will be constructed at Bahundanda whereas power house will be constructed at Bhulbhule, near Tarachowk Bridge, 4 km away from the dam. As all the construction will be underground, the project will be eco-friendly as well, claimed BPC.

Feasibility study of the project was completed in 1993 by Lamjung Electricity Development Company and the environmental impact assessment was approved in 2000.

BPC had purchased the license of the project in 2006. According to the company, NEA is yet to start construction of transmission line for the Tunikharka-based Khudi Hydro, pushing the hydro-project into further limbo.

Nagarik

# सार्कका बेला अरुणको पिडिए

लक्ष्मण वियोगी

लगानी बोर्डले दक्षिण एसियाली सार्क शिखर सम्मेलनकै अवसरमा नौ सय मेगावाटको अरुण–३ को आयोजना विकास सम्झौता (पिडिए) टुंग्याउने तयारी गरेको छ।

आयोजनाको भारतीय प्रवर्द्धक कम्पनी सतलज जलविद्युत निगमसँग बोर्डले शिखर सम्मेलनका क्रममा नेपाल आउने तयारीमा रहेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको उपस्थितिमा पिडिए हस्ताक्षर गर्ने तयारी गरेको हो।

बोर्डले पिडिए वार्ता टुंग्याउने गरी सतलजसँग यही कात्तिक १८ गतेदेखि छलफलको तयारी गरेको छ। नौ सय मेगावाटको माथिल्लो कर्णालीको पिडिए भइसकेकाले यसैका आधारमा अरुणको प्रवर्द्धकसँग पनि सम्झौता हुने ऊर्जा मन्त्रालय नीति महाशाखा प्रमुख तथा पिडिए समितिका सदस्य केशवध्वज अधिकारीले बताए।

'कम्पनीले के–के सुविधा दिने र हामीले के लिने भन्ने विषय वार्तामा बसेपछि टुंगो लाग्छ तर माथिल्लो कर्णालीमा जस्तो अरुणमा वार्ता लम्बिदैन,' अधिकारीले भने, 'तयारी पूरा भए मोदी भ्रमणकै क्रममा हस्ताक्षर हुन सक्छ।' सतलज भारतको सरकारी कम्पनी भएकाले सुविधा लिनेदिने विषयमा कर्मचारीतन्त्रको अडान हुन सक्ने पनि उनले बताए।

मंसिर १० र ११ गते काठमाडौंमा दक्षिण एसियाली सार्क शिखर सम्मेलन हुँदैछ। यही अवसरमा पिडिए सम्झौता टुंग्याउने गरी काम भइरहेको बोर्ड अधिकारी बताउँछन्। भारतीय प्रधानमन्त्रीको नेपाल भ्रमणकै क्रममा हस्ताक्षर गर्ने गरी काम भइरहेको छ तर सतलजतर्फ कतिको तयारी छ,' बोर्डका प्रमुख कार्यकारी अधिकृत राधेश पन्तले भने।

बोर्डले असोज अन्तिम साता सतलजलाई पिडिएको प्रारम्भिक मस्यौदा पठाउँदै वार्ता गर्न आह्वान गरेको थियो। पिडिएको ढाँचा बनिसकेकाले सार्क सम्मेलनमा मोदी आउँदा नै सम्झौता हुनेमा आफू विश्वस्त रहेको बोर्डका प्रमुख कार्यकारी अधिकृत पन्तले ठोकुवा गरे।

सतलजले समेत छिटो सम्झौता होस् भन्ने चाहेको छ,' पन्तले भने, 'अब सतलजसँग मात्रै होइन अन्य कुनै पनि आयोजनासँग सम्झौता गर्न समय लाग्दैन, अरुणका विषयमा लामो छलफल गरिरहनु पर्दैन।'

बोर्डले पिडिए छिटो टुंग्याउन सतलज र आयोजना निर्माणस्थलका स्थानीयसँग एकसाथ छलफल अगाडि बढाएको छ। बोर्डले यसै साता आयोजना प्रभावित क्षेत्र संखुवासभामा पुगेर स्थानीयको माग र गुनासोबारे अन्तर्क्रिया पूरा गरेको जानकारी दिएको छ। अरुण सरोकार मञ्च र अरुण सहयोग समूहबीच अन्तर्क्रिया भएको जनाउँदै बोर्डका उप–सचिव खगेन्द्रप्रसाद रिजाले मञ्चका केही व्यक्तिले आयोजना बनाउन नहुने टिप्पणी गरेको बताए।

रिजालका अनुसार स्थानीयस्तरमा निःशुल्क बिजुली उपलब्ध हुनुपर्ने, ग्रामीण विद्युतीकरण हुनुपर्ने,

उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने, स्थानीयलाई सेयर दिनुपर्ने लगायत माग राखेका छन्। स्थानीयको हितअनुकुल पुनर्बास र पुनर्स्थापना गरेर आयोजना बन्नुपर्नेमा अधिकांश स्थानीयको जोड रहेको उनले बताए।

सतलजले आयोजनास्थलको सामाजिक तथा वातावरणीय अध्ययन नगरेकाले यो संशोधन गर्नुपर्नेमा स्थानीयको जोड छ। उनीहरुका अनुसार आयोजनाबाट स्थानीयमा पर्ने प्रभावको विस्तृत अध्ययन नगरी सतलजले बदमासी गरेको छ।

स्थानीयस्तरमा बन्ने सडक, खानेपानी, स्वास्थ्य तथा शिक्षाका लागि कम्पनीले गर्नुपर्ने कामबारे विस्तृत अध्ययन नभएको पनि स्थानीयको गुनासो छ। आयोजनाबाट संखुवासभाको मकालु, नुम, पाथीभरा, दिदिङ, पवाखोला, पाथिभरा, याफू गाविस बढी प्रभावित हुने अध्ययनले देखाएको छ।

भारतीय प्रधानमन्त्री मोदी साउन १८ गते पहिलोपल्ट नेपाल भ्रमणमा आउँदा सतलजसँग उक्त आयोजना सरकारले नै लिएर भारतीय अनुदानमा बनाउन प्रस्ताव गर्ने तयारी भएको थियो। तर, अनुदानमा बनाउने आयोजना प्रस्ताव गर्न नपरेपछि सतलजले आयोजना बनाउने र उसैसँग पिडिए गर्ने प्रक्रिया अगाडि बढाइएको हो। उक्त कम्पनी भारत सरकारको पूर्ण स्वामित्वमा छ।

संखुवासभामा अरुण तेस्रो बनाउनेबारे सतलजसँग २०६५ फागुन १९ गते सम्झौता हुँदा सरकार (नेपाल विद्‍युत प्राधिकरण) लाई कुल जडित क्षमताको २१.९ प्रतिशत (१९७ मेगावाट) बिजुली निःशुल्क दिने सम्झदारी भएको छ। उसबेला ४ सय २ मेगावाटमा बनाउने समझदारी भए पनि पछि कम्पनीले प्राकृतिक स्रोतको उच्चतम उपयोग गर्नुपर्ने भन्दै क्षमता बढाएर नौ सय मेगावाट पुर्यालएको थियो।

कम्पनीले बिजुली उत्पादन सुरु भएको वर्षदेखि जडित क्षमता र ऊर्जा दुवैमा निःशुल्क बिजुली दिनुपर्नेछ। उत्पादित बिजुली भारत निर्यात हुने हुँदा बिजुली बिक्रीबाट निर्यात कर र रोयल्टीसमेत सरकारलाई प्राप्त हुनेछ। जलविद्‍युत नीति, २०५८ अनुसार सतलजले कुल आम्दानीको साढे ७ प्रतिशत रोयल्टी र ०.००५ प्रतिशत निर्यात कर सरकारलाई बुझाउनुपर्छ।

विश्व बैंकको ऋण सहयोगमा २०५२ सालमा प्राधिकरणले नै बनाउन ठेक्का आह्वानसमेत भइसकेको थियो। तर, तत्कालीन सरकारमा रहेको एमालेलगायत सरकारबाहिर रहेका व्यक्ति तथा निकायले विरोध गरेपछि आयोजना रद्द भएको थियो।

आयोजना सन् २०२० मा पूरा हुने लक्ष्यअनुसार सञ्चालन अवधि (२५ वर्ष) मा सरकारलाई ३ सय ६२ अर्ब रुपैयाँ फाइदा हुने अध्ययनले देखाएको छ। उक्त अवधिमा सतलजले बिजुलीको रोयल्टी मात्रै एक सय १६ अर्ब रुपैयाँ तिर्नेछ। आयोजनाका लागि ८२.१३ हेक्टर निजी र ९८.१९ हेक्टर सरकारी जमिन अधिग्रहण गर्नुपर्नेछ। यस्तै आयोजनाबाट दुई सय तीन घरधुरी प्रभावित हुनेछन्।

Nagarik

# प्रत्युत्पादक अवरोध

*सम्पादकीय*

कुनै पनि विषयमा कसैले आन्दोलन गर्नेबित्तिकै त्यसमा सामेल भएर जस लिन अग्रसर हुने प्रवृत्ति ‘सस्तो लोकप्रियता’कै एउटा स्वरूप हो। सस्तो लोकप्रियताका पछि लाग्नेहरूले दूरगामी परिणामको लेखाजोखा गर्दैछन्। क्षणिक लाभका लागि देश, समाज र समुदायको मात्र हैन आफ्नै पनि दीर्घकालीन अहित गर्न उद्यत हुन्छन्। यस्तो मनोवृत्ति नेपालका राजनीतिकर्मीमा बढी नै देखिन्छ।

## लेखकबाट थप

भोटेकोसी जलविद्युत्को प्रसारण लाइन पुनःनिर्माण गर्न नदिन स्थानीय जनतालाई उक्साउने सिन्धुपाल्चोकका राजनीतिकर्मीको व्यवहार यसैको उदाहरण हो। जुरेको पहिरोपछि भत्केको भोटेकोसी जलविद्युत् आयोजनाको प्रसारण लाइन निर्माण गर्न लाग्दा स्थानीय जनताले विभिन्न माग राखेर आन्दोलन गरेका छन्। स्थानीय जनताले आयोजनाको ३५ प्रतिशत सेयर जनतालाई दिनुपर्ने, प्रभावित भनिएका गाउँ विकास समितिलाई ५० लाख रुपियाँ क्षतिपूर्ति दिनुपर्ने, प्रसारण लाइन रहेको गाविसलाई प्रतिवर्ष ३ लाख रुपियाँ दिनुपर्ने र अहिले भोटेकोसी आयोजनाले गर्दैआएको सहयोग पनि कायमै राख्नुपर्ने माग गरेका छन्। यस्ता माग राखेर स्थानीय जनताले आन्दोलन सुरु गर्नेबित्तिकै प्रमुख राजनीतिक दलका स्थानीय नेताले त्यसमा होमिन तँछाडमछाड् गरेको देखियो।

भोटेकोसी निजी क्षेत्रबाट निर्माण गरिएको ३६ मेगावाट क्षमताको जलविद्युत् आयोजना हो। यस आयोजनाले २०५७ सालदेखि नै व्यावसायिक उत्पादन सुरु गरेको थियो। यस आयोजनाको बिजुली नेपाल विद्युत् प्राधिकरणले डलरमा किन्नेगरी व्यापार सम्झौता भएको छ। डलरमा खरिद सम्झौता गरिएकाले त्यहाँको बिजुली धेरै महंगो हुन पुगेपछि सम्झौतामा संशोधन वा अर्को सम्झौता गर्ने प्रयास प्राधिकरण गरिरहेको छ। यस्तैमा गत साउनमा जुरेमा गएको पहिरोले त्यसका प्रसारण टावरहरू भत्काएको थियो। भत्केका टावरहरू पुनःनिर्माण सुरु भएपछि स्थानीय जनताले आन्दोलन गरेर अवरोध उत्पन्न गरेका हुन्। जनताका यी मागलाई सोझै अनुचित भन्न मिल्ने देखिन्न तर पुरानो योजनामा नयाँ सर्त राख्नु भने प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुन्छ। त्यसमा स्थानीय राजनीतिकर्मी संलग्न हुनु त झन् अनुचित हो। राजनीतिकर्मीहरू संलग्न भएपछि आन्दोलन जनताको नियन्त्रणमा रहँदैन। यसैले स्थानीय जनताका माग सम्बन्धमा भोटेकोसी आयोजनाका प्रबर्धकसँग तत्काल वार्ता गरेर प्रसारण लाइन पुनः निर्माण कार्यमा अवरोध हुन नदिने दायित्व सरकारले पूरा गर्नुपर्छ।

भोटेकोसीको अवरोध नेपालका राजनीतिकर्मीले विकास निर्माणका आयोजनालाई दुहुनो गाई बनाउने प्रवृत्तिको पनि उदाहरण हो। यस्तो प्रवृत्तिले समग्र विकास निर्माण प्रभावित पार्छ। भारतसँगको विद्युत्

व्यापार सम्झौतापछि जलविद्युत् क्षेत्रमा लगानी बढ्ने अपेक्षा गरिएकै बेला भएका यस्तो घटनाले समग्र लगानीकै वातावरण धमिल्याउन सक्छ। देशका प्रमुख राजनीतिक दलका नेताको गैरजिम्मेवार प्रवृत्तिले कुनै पनि बेला आयोजना प्रभावित हुनसक्ने देख्दादेख्दै लगानी गर्ने जोखिम सितिमिति कसैले पनि उठाउँदैन। स्थानीय जनताले प्राकृतिक स्रोतको दोहनबाट हुने लाभको अंश पाउनुपर्छ भन्नेमा दुईमत हुँदैन। तर, त्यस्तो लाभांशको माग असीमित र अनपेक्षित भने हुनुहुँदैन। यस्तै, स्थानीय जनताका आन्दोलनमा सत्तारुढ दलका नेतासमेत संलग्न हुनथाल्ने हो भने राज्य पनि निष्पक्ष नरहन सक्छ। राज्यकै व्यवहार अनपेक्षित र एकपक्षीय हुने जोखिम देखियो भने मुलुकमा विदेशीले त के स्वदेशीले पनि लगानी गर्दैनन्। यसैले भोटेकोसी प्रसारण लाइनमा अवरोध उत्पन्न गर्ने अहिले सानो र सामान्य देखिएको आन्दोलन मुलुककै लागि प्रत्युत्पादक हुनसक्छ। सरकारले तत्काल मध्यस्थता गरेर समस्या समाधान गर्नुपर्छ र प्रसारण लाइन निर्माण कार्य सहजरूपमा हुनसक्ने अवस्था प्रत्याभूत गर्नुपर्छ। साथै, राजनीतिक दलहरूले आफ्ना स्थानीय नेता र कार्यकर्तालाई सस्तो लोकप्रियताको पछि नलागेर जिम्मेवार बन्न पनि निर्देशन दिनुपर्ने पाठ यस घटनाले सिकाएको छ।